# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, साउन १ गते २०६० साल (अतिरिक्ताङ्क १६ख

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

### अन्तःशुल्क (दोस्रो संशोधन) नियमावली, २०६०

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "अन्तःशुल्क (दोस्रो संशोधन) नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तःशुल्क नियमावली, २०५९ को नियम ३ मा संशोधनः अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३. इजाजतपत्रको लागि निवेदन दिनुपर्ने: कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अनुसूची-२ मा उल्लेख भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न चाहेमा सोही अनुसूचीमा तोकिएको इजाजतपत्र दस्तुर समेत संलग्न गरी अन्तःशुल्क अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।"

३. मूल नियमावलीको नियम ५ मा संशोधन: मूल नियमावलीको नियम ५ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएकोछ :-

"(४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नविकरण गराउन चाहेमा अनुसूची-२ मा तोकिए बमोजिमको नविकरण वापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि सत प्रतिशत थप दस्तुर र वक्यौता अन्तःशुल्क रकम समेत बुझाई इजाजतपत्र नविकरण गराउन सकिनेछ।"

४. मूल नियमावलीको नियम १५ मा संशोधन: मूल नियमावलीको नियम १५ मा रहेका "चालीस रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "अन्तःशुल्क वापतको रकम" भन्ने शब्दहरु राखिएका छन्।

५. मूल नियमावलीको नियम २२ मा संशोधन: मूल नियमावलीको नियम २२ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएकोछ :-

"(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा उत्पादन प्रक्रियामा रहेको वास, स्प्रिट, मदिरा समेत सम्पूर्ण तरल पदार्थहरु एक प्रकृयाबाट अर्को प्रकृयाको लागि एकबाट अर्को भाँडामा लैजाँदा वा वोतलबन्दी गर्दा विभाग वा आन्तरिक राजश्व कार्यालयबाट सिलबन्दी गरिएको फ्लो मिटर सहितको स्थायीरुपमा जडित पाइपबाट मात्र गर्ने गरी विभागले तोक्न सक्नेछ।"

६. मूल नियमावलीको नियम २३ मा संशोधन: मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएकोछ :-

"२३. मौज्दात कमीको मिन्हा: (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूसँग रहेको मदिराको मौज्दातमा वाष्पिकरण, दुर्वौधिकरण, चुहावट वा वोतलमा मदिरा भर्दाको कारणबाट कमी हुन आएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिनभित्र जाँच गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा मौज्दात कमी भएको मनासिव माफिकको कारण भएमा आधार स्पष्ट खुलाई अन्तःशुल्क अधिकृतले दुई प्रतिशतसम्म मौज्दात कमी मिन्हा दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम तोकिएको सीमाभन्दा बढी मिन्हा दिनुपर्ने देखिएमा सो मिन्हाको लागि अन्तःशुल्क अधिकृतले यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सिफारिश भई आएको प्रतिवेदनमा सम्बन्धित विषयको विशेषज्ञको प्रतिवेदन लिई मनासिव कारण भएमा विभागले मिन्हा गर्न सक्नेछ ।"

७. मूल नियमावलीमा नियम २३क. थपः मूल नियमावलीको नियम २३ पछि देहायको नियम २३क. थपिएकोछ :-

"२३क. क्राउन कर्कको मौज्दात कमीको मिन्हाः (१) वियर उत्पादन गर्ने इजाजतपत्रवालाले वियरको वोतलमा प्रयोग गर्ने क्राउन कर्क वियर भर्दा टुटफुट वा विग्रेर वोतलमा प्रयोग हुन नसक्ने अवस्था भएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिनभित्र जाँच गर्नु पर्नेछ । त्यसरी जाँच गर्दा क्राउन कर्कको मौज्दातमा कमी भएको मनासिब माफिकको कारण भएमा आधार स्पष्ट खुलाई खर्च भएको क्राउन कर्कको बढीमा चार प्रतिशतसम्म मिन्हा दिन सक्नेछ ।

(३) उपनियम (२) मा उल्लेख भएको सीमाभन्दा बढी मौज्दात कमी भई मिन्हा दिनुपर्ने भएमा अन्तःशुल्क अधिकृतले त्यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सिफारिश भई आएको प्रतिवेदनमा मनासिब कारण भएमा विभागले मौज्दात कमी मिन्हा गर्न सक्नेछ ।"

८. मूल नियमावलीमा नियम २५क. थपः मूल नियमावलीको नियम २५ पछि देहायको नियम २५क. थपिएकोछ :-

"२५क. स्प्रिट तथा इथानोललाई अन्य प्रयोगमा ल्याउने : (१) इजाजतपत्रवालाले स्प्रिटलाई अन्य प्रयोगमा ल्याउने उद्देश्यले डिनेचर्ड स्प्रिट बनाउँदा सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६६

आन्तरिक राजश्व कार्यालयबाट स्वीकृति लिई रेक्टिफाइड वा हेड्स स्प्रिटमा पाइरिडिने वा कोचिसिन वा मिथायल अल्कोहल आयतनको हिसाबबाट कम्तिमा ०.०२ प्रतिशत मिश्रण गरी डिनेचर्ड स्प्रिट बनाउन पर्नेछ । यस्तो मिश्रण गर्दा आवश्यकतानुसार रंगिन गर्नुपर्ने गरी विभागले इजाजतपत्रवालालाई निर्देशन दिन सक्नेछ । आन्तरिक राजश्व कार्यालयले रेक्टिफाइड स्प्रिटबाट डिनेचर्ड स्प्रिट बनाउने स्वीकृति दिँदा रेक्टिफाइड स्प्रिटबाट आउने अन्तःशुल्क नघटने गरी मात्र स्वीकृति दिनु पर्नेछ ।

(२) इजाजतपत्रवालाले पेट्रोलमा समिश्रण गर्ने प्रयोजनको लागि उत्पादन गरेको एनहाइड्रस इथानोल नेपाल आयल निगम वा श्री ५ को सरकारबाट स्वीकृति प्राप्त निकायलाई मात्र बिक्रि गर्नु पर्नेछ । यस्तो वस्तु बिक्रिको लागि प्रतिष्ठानबाट निकासी गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्वीकृति लिनु पर्नेछ । आन्तरिक राजश्व कार्यालयले यस्तो स्वीकृति दिँदा त्यस्तो वस्तुमा कम्तिमा दुई प्रतिशत पेट्रोल मिश्रण गर्नुपर्ने गरी निकासी गर्न स्वीकृति दिनु पर्नेछ ।"

९. मूल नियमावलीको नियम ३० मा संशोधनः मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएकोछ :-

"३०. अन्तःशुल्क टिकट दस्तुर लाग्ने : (१) नेपाल अधिराज्यभित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको बिक्रि तथा पैठारी गर्दा मदिरा र चुरोटको प्याक (कार्टुन) मा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले मदिराको प्रत्येक बोतलमा अन्तःशुल्क टिकट लगाउन पर्ने गरी तोक्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लगाइने अन्तःशुल्क टिकटको मूल्य बोतलमा लगाउनु पर्नेमा पचास पैसा, प्याक (कार्टुन) मा लगाउनु पर्नेमा दुई रुपैयाँ र चुरोटको पैठारीमा प्रति आउटरमा प्रति प्याक (कार्टुन) को एक रुपैयाँका दरले अन्तःशुल्क टिकट दस्तुर लाग्नेछ । उक्त टिकट विभागले तोके बमोजिम अंकित गरेर मात्र बिक्रि गर्नु पर्नेछ ।"

१०. मूल नियमावलीको नियम ३४ मा संशोधनः मूल नियमावलीको नियम ३४ को तेस्रो हरफमा रहेका "प्रतिलब्धी दर कायम गर्नु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "र एनहाइड्रस इथानोल उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्विण्टल खुदो (मोलासेस) बाट न्यूनतम ७२ ओ.पी. शक्तिको कम्तिमा १९ लिटर इथानोल उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धी दर कायम गर्नु पर्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल नियमावलीको अनुसूची-२ मा संशोधन: मूल नियमावलीको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ :-

"अनुसूची-२
(नियम ३ र ५ सँग सम्बन्धित)
इजाजतपत्र लिनुपर्ने वस्तु तथा इजाजतपत्र नविकरण दस्तुर

| | | |
|---|---|---|
| १. | मदिरा, स्प्रिट र इथानोल उत्पादन तर्फ :- | |
| | (क) मदिरा, वियर, स्प्रिट र इथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| | (ख) वाइन/ब्राण्डी (फलफुलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु. ४०,०००।- |
| २. | मदिरा बिक्रि वितरण तर्फ :- | |
| | (क) होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि | |
| | (१) पाँचतारे होटल | रु. ३०,०००।- |
| | (२) चारतारे होटल | रु. २५,०००।- |
| | (३) तीनतारे होटल | रु. १८,०००।- |
| | (४) दुईतारे होटल | रु. १२,५००।- |
| | (५) एकतारे होटल | रु. ७,०००।- |
| | (६) स्वदेशी तथा विदेशी मदिरा वोतल खोली बिक्रि वितरण गर्ने पर्यटकस्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रु. ५,०००।- |
| | (७) स्वदेशी मदिरा वोतल खोली विक्रि वितरण गर्ने साधारण होटल, रेष्टुरेष्ट र वार तथा लज | रु. ३,०००।- |
| | (ख) मदिरा बिक्रेताको लागि : | |
| | (१) मदिरा वितरक | रु. २०,०००।- |
| | (२) थोक बिक्रेता | रु. १२,०००।- |
| | (३) स्वदेशी तथा विदेशी मदिरा बिक्रि गर्ने खुद्रा बिक्रेता | रु. ८,०००।- |
| | (४) स्वदेशी मदिरामात्र बिक्रि गर्ने खुद्रा बिक्रेता | रु. ३,०००।- |
| | (५) डिपार्टमेण्टल स्टोर | रु. १०,०००।- |
| | (ग) मदिरा निकासी तथा पैठारीकर्ताको लागि : | |
| | (१) विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु.२०,०००।- |
| | (२) मदिरा निकासीकर्ता | रु. ३,५००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

| | |
|---|---|
| ३. पैठारी तथा अन्य वस्तु खरिद बिक्रि र उत्पादन तर्फ : | |
| (क) विदेशी चुरोट, सिगार, सुर्ती तथा सुर्तीजन्य वस्तु पैठारी गर्नेको लागि | रु. १०,०००।- |
| (ख) विदेशी खैनी, जर्दा, नश, पानपराग तथा पानमसला पैठारी गर्नेको लागि | रु. २५,०००।- |
| (ग) पानपराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती तथा सुर्तीजन्य वस्तु थोक खरिद बिक्रि गर्नेको लागि | रु.३,०००।- |
| (घ) चुरोट, खैनी, जर्दा, नश, पानपराग तथा पानमसला खुद्रा खरिद बिक्रि गर्नेको लागि | रु. ५००।- |
| (ङ) विदेशी खुदो र गुँड पैठारी गर्नेको लागि | रु. ८,०००।- |
| (च) खुदो, गुँड र स्प्रिट खरिद बिक्रि गर्नेको लागि | रु. ३,५००।- |
| (छ) ईटा उत्पादन गर्ने उद्योगको लागि : | |
| (१) तोकिएको वातावरणीय मापदण्डभित्र रही आधुनिक प्रविधिको प्रयोगद्धारा ईटा उत्पादन गर्ने उद्योग बाहेकका ईटा उत्पादन गर्ने चिम्नी भट्टाहरुको लागि प्रति चिम्नी भट्टा (यो दस्तुरबाट मध्यपश्चिमाञ्चल क्षेत्रलाई बीस प्रतिशत तथा सुदूर पश्चिमाञ्चल क्षेत्रलाई पच्चीस प्रतिशत कम दस्तुर लाग्नेछ) | रु. २,००,०००।- |
| (२) तोकिएको वातावरणीय मापदण्डभित्र रही आधुनिक प्रविधिको प्रयोगद्धारा ईटा उत्पादन गर्ने उद्योगको लागि इजाजतपत्र दस्तुर लाग्ने छैन । | |
| (ज) पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुढ),कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय वमोजिमका उद्योगको लागि : | |
| (१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) | रु. २०,०००।- |
| (२) होरिजेण्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरभन्दा बढीको) | रु. ४०,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. औद्योगिक उत्पादन तर्फ :

माथि प्रकरण १,२ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पुँजीको आधारमा प्रत्येक एक लाख रुपैयाँ स्थिर पुँजी भएको प्रतिष्ठानलाई तीस रुपैयाँका दरले उत्पादन इजाजतपत्र दस्तुर लाग्नेछ । यस्तो इजाजतपत्र दस्तुर न्यूनतम तीन हजार रुपैयाँ भन्दा कम र अधिकतम पचास हजार रुपैयाँ भन्दा बढी हुने छैन ।

प्रकरण १,२ र ३ मा उल्लेखित वस्तुहरु बाहेक अन्य वस्तुहरुको बिक्रि वितरणको लागि इजाजतपत्र लिनु पर्ने छैन ।

द्रष्टव्य :

(१) यस्तो दस्तुर काठमाण्डौं उपत्यका बाहेक अन्य क्षेत्रमा पच्चीस प्रतिशतले र पहाडी र हिमाली क्षेत्रमा पचास प्रतिशतले कम लाग्नेछ ।

(२) एक एकाइले एकभन्दा बढी किसिमको मदिरा खरिद बिक्रि गर्ने भएमा सबभन्दा बढी दरको दस्तुर मात्र बुझाए पुग्नेछ ।

(३) ईटा उत्पादकले प्रकरण ३ को खण्ड (छ) को उपखण्ड (१) बमोजिम बुझाउनु पर्ने रकम मध्ये बीस प्रतिशत इजाजतपत्र लिंदा, बीस प्रतिशत पौष मसान्तसम्म र बाँकी रकम माघ मसान्तसम्म बुझाउने गरी किस्ता कायम गरिएको छ ।

तर मूल्य अभिवृद्धि करमा दर्ता भएका ईटा उत्पादकहरुले उक्त दस्तुरभन्दा बढी मूल्य अभिवृद्धि कर तिरेको अवस्थामा असूल भएको मूल्य अभिवृद्धि कर मात्र आन्तरिक राजश्व कार्यालयमा दाखिला गरे हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
659

## सूचना २

### मूल्य अभिवृद्धि कर (चौथो संशोधन) नियमावली, २०६०

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (चौथो संशोधन) नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क. थप : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ पछि देहायको नियम ३९क. थपिएकोछः-

"३९क. नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने: (१) कुनै वस्तु आगजनी, चोरी दुर्घटना वा टुटफुट हुन गई नोक्सान भएमा त्यस्तो वस्तुको वा उपयोग गर्ने म्याद सकिएको कारणले त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नुपर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजश्व कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनमा विभागले तोकिदिएको छानबिन समितिले छानबिन गर्दा नोक्सान भएको देखेमा त्यस्तो नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी गर्नको लागि नोक्सानीको विवरण समेत खुलाई विभाग समक्ष सिफारिश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सिफारिश प्राप्त भएमा विभागले त्यस्तो वस्तुमा तिरेको कर वा कम मूल्यमा बिक्री गरेकोमा बिक्रीबाट उठेको कर रकमभन्दा बढी भएको हदसम्मको तिरेको कर कट्टी गर्न दिने गरी निर्णय गर्न सक्नेछ।"

**आज्ञाले,**
**भानुप्रसाद आचार्य**
**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
६८२